# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस नोट

३० असोज, २०७७

## विचाराधीन केही महत्वपूर्ण घटनाहरुमा आयोगको निर्णय ।

आयोगमा विचाराधीन अवस्थामा रहेका तपसिल बमोजिमका उजूरी तथा विषयहरुमा आयोगबाट मिति २०७७/६/२८ मा देहाय बमोजिम निर्णय भएको छ ।

### तपसिल

१. काठमाडौ काँडाघारी बस्ने ११ बर्षीय बालक निशान खड्काको अपहरण पश्चात हत्या गरेको आरोप लागेका सिन्धुपाल्चोकका गोपाल तामाङ र नुवाकोटका अजय तामाङलाई २०७५/४/२१ मा प्रहरीले भक्तपुर, सूर्य विनायक जंगलमा लगी गोली हानी मारेको र प्रहरीले दोहोरो झडप भएको बताएको उजूरीमा आयोगबाट गठित विशेषज्ञहरु सम्मिलित छानविन समिति समेतले पेश गरेको प्रतिवेदनउपर सुनुवाई हुँदा उक्त घटना दोहोरो झडप नभई आरोपित दुवैजनालाई नियन्त्रणमा लिए पश्चात गोली हानी मारिएको आयोगले ठहर गरेको छ । उक्त घटनाबाट पीडित बालक निशान खड्काको परिवारलाई रु. ३ लाख क्षतिपूर्ति, गोपाल र अजय तामाङको परिवारलाई रु. १ लाख क्षतिपूर्ति र दोषी देखिएका तत्कालीन प्रहरी नायव उपरीक्षक श्री रुगमबहादुर कुँवर, प्रनानिहरु दिपेन्द्र चन्द, प्रशन्न मल्ल, रञ्जित लामा र प्रसनि राजन खड्कालाई कानूनमोजिम कार्वाहीको लागि सिफारिस गरेको छ ।

२. ने.क.पा. विप्लव समूहको सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको मृत्यु सम्बन्धमा आयोगबाट मिति २०७६/७/४ मा भएको निर्णयमा पुनरावलोकन गरिपाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतबाट आएको निवेदनमा सुनुवाई हुँदा आयोगको पूर्व निर्णयमा पुनरावलोकन गर्नुपर्ने कुनै तथ्य, आधार, कारण नभएकोले पुनरावलोकन नगर्ने निर्णय भएको छ ।

३. रुकुम चौरजहारी सोतीमा मिति २०७७/२/१० मा ६ जना युवाहरुको मृत्यु भएको घटना सम्बन्धमा प्राप्त भएको प्रतिवेदनमा छलफल हुँदा उक्त घटनामा मृत्यु भएका पीडितका परिवारलाई अन्तरिम राहत स्वरुप रु. १ लाख उपलव्ध गराउन र जातीय विभेद तथा बालविवाह रोकथाम र नियन्त्रणका लागि तीनै तहका सरकारलाई स्थानीय तहसम्म प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने गरी यस्ता विषयमा शून्य सहनशीलता अपनाउन समेत नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने निर्णय भएको छ । आयोगले उक्त घटनालाई जातीय विभेदको जगमा भएको अमानवीय घटना ठहर गरेको छ ।

४. रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ७ का नोरितराम डाँगी, विमला केसी र विजय केसी तथा वडा नं. ४ का गौरव नेपालीको २०७७/१/१७ गते बेवारिसे वम विष्फोटनमा परी मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा प्राप्त भएको प्रतिवेदनमा छलफल हुँदा मृत्यु भएका बालबालिकाका परिवारलाई अन्तरिम राहत स्वरुप जनही रु. १ लाख उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने र घटनाको सम्बन्धमा विस्तृत अनुसन्धान गर्न नेपाल प्रहरीलाई निर्देशन दिने निर्णय गरिएको छ ।

......................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618015010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org